# बालमेला सञ्चालन तथा आयोजनासम्बन्धी जानकारी पुस्तिका



Sweden Sverige

Save the Children

कन्सोर्टियम-नेपाल Consortium Nepal

| | | |
|---|---|---|
| प्रकाशन सल्लाहकार | : | श्री दिल ऐर, सेभ द चिल्ड्रेन |
| | | श्री सन्तोष मर्हजन, कन्सोर्टियम नेपाल |
| लेखन तथा सम्पादन | : | डा रूपा मुनाकर्मी |
| सम्पादन सहयोग | : | श्री गौरब के.सी., कन्सोर्टियम नेपाल |
| चित्र | : | श्री बिनिता बुद्धाचार्य (दृश्य कलाकार/ चित्रकार/ लेखक) |
| प्रकाशक | : | कन्सोर्टियम-नेपाल, बानेश्वर, काठमाडौं |
| प्रकाशन सहयोग | : | सेभ द चिल्ड्रेन |
| प्रकाशन वर्ष | : | २०८१ |
| डिजाइन तथा प्रिण्ट | : | एड क्रिउ मिडिया प्रा. लि. |



# विषयसूची


| | |
|---|---|
| सहभागिता भनेको के हो ? | १ |
| अर्थपूर्ण बालसहभागिता भनेको के हो ? | २ |
| बालसहभागितासम्बन्धी कानुनी व्यवस्था | ४ |
| बालसहभागिताका अभ्यासहरू | ६ |
| स्थानीय तहमा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरू | ७ |
| बालभेला के हो ? | १२ |
| बालभेला किन गर्ने | १३ |
| बालभेलाका प्रकार | १५ |
| बालभेलामा प्रयोग हुने औजार /विधिहरूको बारेमा सङ्क्षिप्त जानकारी | २५ |
| बालभेलाको क्रममा बालबालिकाको भूमिका के हुन सक्दछ ? | ४७ |
| स्रोत सामग्री | ५२ |

प्यारा बालबालिकाहरू,

तपाईं बालबालिकाहरूसँग पनि सूचना प्राप्त गर्ने, विचार तथा भावना अभिव्यक्त गर्ने, सङ्गठन बनाउने तथा सिर्जनात्मक एवं मनोरञ्जनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने र सहभागी हुने हक छ । साथै तपाईंहरूसँग सम्बन्धित विषयका योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा संलग्न हुन पाउने अधिकारसमेत रहेको छ । नेपालको संविधान २०७२ को धारा ३९ ले बालबालिकाको सहभागिताको अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ ।

बालबालिकामाथि गरिएको लगानी नै देशको भविष्यको आधार हो । तर हाम्रो समाजमा बालबालिकालाई आफ्ना विचार व्यक्त गर्ने अवसर कमै मात्र दिइन्छ । अझ उनीहरूका विचारहरू सुन्ने काम झनै कम हुने गर्दछ । हाम्रो देशमा स्थानीय निकायको योजना निर्माण गर्दा बालबालिकाहरूलाई सहभागी गराउने कुरा त झन् निकै कठिन छ ।

नेपालको संविधानले बालबालिकाको सहभागिताको अधिकारलाई मौलिक हकका रूपमा व्याख्या गरिसकेको छ । यसका साथै बालबालिकासम्बन्धी ऐन २०७५ मा समेत बालबालिकाको सहभागिताको अधिकारलाई विशेष रूपमा व्याख्या गरिएको छ । यसका साथै बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि तथा बालबालिकासम्बन्धी नियमावली अनि बालबालिकासम्बन्धी नीतिले पनि बालबालिकाको सहभागिताको अधिकारलाई अवलम्बन गरेको छ । यी सबैमा बालसहभागिताको कुरालाई निकै महत्त्वका साथ उठाइएको छ । यसका लागि बालभेलामार्फत् बालबालिकाका योजना छनौट गर्ने प्रावधान राखिएको छ । स्थानीय निकायका योजना छनौट गर्ने चरणबद्ध प्रक्रियामा प्रवेश गर्नुपूर्व बालबालिकाहरूको भेला गराई उनीहरूका लागि आवश्यक योजनाहरू छनौट गरिनुपर्छ ।

बालभेलाबाट आएका योजनालाई सम्बन्धित वडाहरूले प्राथमिकतासहित गाउँपालिका वा नगरपालिकामा पेस गर्नुपर्ने प्रावधान छ । यसअनुसार स्थानीय निकायको योजना तर्जुमा गर्नुपूर्व हरेक वर्ष गाउँपालिका/नगरपालिका स्तरमा अनिवार्य रूपमा बालभेला गराउनुपर्छ । बालभेला सम्पन्न गर्ने मुख्य

जिम्मेवारी स्थानीय निकाय र सामाजिक परिचालकको हो । तर स्थानीय निकायमा यस विषयमा अझै पनि अन्योल रहेको देखिन्छ ।

बाल भेलालाई आवश्यक सहजीकरण गर्न तथा भेला सहजीकरण गर्ने व्यक्तिहरूका निम्ति उचित मार्गनिर्देश गर्ने सामग्रीको अभाव खड्किरहेकाले यो हातेपुस्तिका तयार पारिएको हो । यस सामग्री लेखन गर्नुहुने डा. रूपा मुनाकर्मी तथा संयोजनको काम गर्नुहुने गौरव केसीप्रति आभार व्यक्त गर्दछौं । साथै यस सामग्रीलाई प्रकाशनका निमित्त सहयोग गर्नुहुने सेभ द चिल्ड्रेनप्रति पनि हार्दिक आभार व्यक्त गर्दछौं । यस पुस्तिकाको सहायताले बालभेला सञ्चालनमा थप सहजता प्राप्त हुने कुरामा विश्वास लिएका छौं ।


यो हाम्रो एउटा प्रयास मात्र हो । यसलाई अझ व्यावहारिक र बालमैत्री बनाउन हामी सदैव सुझावको अपेक्षा गर्दछौं ।

धन्यवाद

सन्तोष महर्जन

अध्यक्ष

# सहभागिता भनेको के हो ?



## सहभागिता भनेको के हो ?

व्यक्तिले आफूसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्ने कुनै पनि विषयका निर्णय र कार्यान्वयन प्रक्रियामा लोकतान्त्रिक विधि, पद्धति र भावनाअनुरूप पहुँच प्राप्त गर्न छलफल र निर्णयको अभ्यास गर्नु सहभागिता हो । परम्परागत रूपमा चलिआएका अभ्यासलाई हेर्ने हो भने अरूले गरेका निर्णय कार्यान्वयनमा संलग्न हुनुलाई सहभागिता भन्ने गरिएको थियो तर सही अर्थमा निर्णय, कार्यान्वयन र अनुगमन प्रक्रियामा सरोकारवालाहरूको निर्णायक संलग्नता, पहुँच र अभ्यास सहभागिता हो । अधिकारमुखी अवधारणाअनुसार सहभागिताको अर्थ आफूसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्ने कुनै पनि विषयमा सबै चरणमा सम्मानजनक सहभागी हुने अधिकार अर्थपूर्ण सहभागिता हो । यथार्थमा सहभागिता सशक्तीकरणको प्रक्रिया पनि हो । यसका लागि सचेत गराउने, प्रश्न गर्ने, माग राख्ने, शासनका निकायहरूमाथि दबाब सिर्जना गर्ने गतिविधिहरू समावेश गरिन्छ ।

## अर्थपूर्ण बालसहभागिता भनेको के हो ?

अर्थपूर्ण बालसहभागिता भनेको बालबालिकाहरूलाई निर्णय प्रक्रियामा सक्रिय र सार्थक रूपमा संलग्न गराउनु हो, जसले उनीहरूलाई सुन्ने, बुझ्ने र विचारहरूलाई सम्मान गर्ने वातावरण प्रदान गर्छ । यसले बालबालिकाहरूलाई आफ्नो जीवनमा प्रत्यक्ष प्रभाव पार्ने निर्णयहरूमा सहभागी हुने अवसर दिन्छ । अर्को अर्थमा भन्नुपर्दा, बालबालिकासँग सरोकार राख्ने विकास र शासनका सबै गतिविधिका निर्णय र कार्यान्वयन प्रक्रियाका सबै चरणमा समान हैसियतमा स्वेच्छापूर्वक सहभागी हुने अधिकार बालसहभागिता हो । बालबालिकाले आफूसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा सूचना प्राप्त गर्ने, आफ्नो विचार, भावना र अनुभव अभिव्यक्त गर्ने, उपयुक्त हुने सूचनाहरू साथी तथा अन्य बालबालिकालाई प्रसारण गर्ने, सङगठित हुने, बालबालिकाका अधिकारका लागि कार्य गर्ने र बालबालिकाको बिचार, सूचना, भावना, सङ्गठन र उनीहरूका सङ्गठन कार्यहरूलाई उपयुँक्त मान्यता दिने प्रक्रियालाई नै बालसहभागिता भनिन्छ ।

सरल भाषामा भन्दा बालबालिकाको सूचना प्राप्त गर्ने, विचार तथा भावना अभिव्यक्त गर्ने, सङ्गठन बनाउने तथा सिर्जनात्मक एवं मनोरञ्जनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने स्वतन्त्रता नै बालसहभागिता हो । साथै बालबालिकासँग सम्बन्धित विषयका योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा बालबालिका संलग्न हुन पाउने अधिकारसमेत यसअन्तर्गत पर्दछ । नेपालको संविधान २०७२ को धारा ३९ लेबालबालिकाको सहभागिताको अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ ।



# बालसहभागितासम्बन्धी कानुनी व्यवस्था

## क) बालबालिकासम्बन्धी महासन्धिमा बालसहभागिता

बालसहभागिता बालअधिकार महासन्धिको 'विचार र भावनाको कदर' सिद्धान्तमा आधारित छ । महासन्धिको धारा १२ मा आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई आफूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार स्वतन्त्र रूपले अभिव्यक्त गर्न पाउने अधिकार भएको कुराको सुनिश्चितता पक्ष राष्ट्रहरूले दिनुपर्ने भनी उल्लेख गरिएको छ । महासन्धिअनुसार बालबालिकाको उमेर र परिपक्वताअनुसार विचारलाई उचित महत्त्व दिने अर्थपूर्ण सहभागिताको सिद्धान्त बालसहभागिताको अभ्यासका क्रममा नेपालमा पनि आत्मसात् गरिएको छ । महासन्धिको धारा १३ मा बालबालिकाको अभिव्यक्ति स्वतन्त्रतालाई कुनै बन्देजबिना मौखिक, लिखित वा मुद्रित रूपमा वा कलाको रूपमा सूचना तथा विचार प्रदान गर्ने स्वतन्त्रताको व्यवस्था रहेको छ । धारा १४ मा विचारको सम्मान र धारा १५ मा बालबालिकाले शान्तिपूर्वक भेला हुने स्वतन्त्रता सहितका अधिकार महासन्धिमा व्यवस्था गरिएको छ ।

## ख) नेपालको संविधानमा बालसहभागिताको अधिकार

बालबालिकाको हकलाई नेपालको संविधानले मौलिक हकको रूपमा स्थापित गरेको छ । संविधानमा नै बालसहभागितालाई मौलिक हकको रूपमा व्यवस्था गरिनुले राज्यले बालसहभागितालाई प्राथमिकता दिएको बुझ्न सकिन्छ । विगतका संविधानहरूलाई हेर्दा, नेपालको संविधान २०७२ मा पहिलो पटक बालबालिकाको सहभागिताको हकलाई पनि मौलिक हकको रूपमा व्यवस्था गरिएको छ । संविधानको धारा ३९ (३) मा बालबालिकाको हकमा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुने व्यवस्था गरिएको छ ।

## ग) बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालसहभागिता

नेपालको संविधान २०७२ जारी भएपश्चात बालबालिकाको अधिकारलाई व्यावहारिक कार्यान्वयनका लागि बालबालिकासम्बन्धी ऐन, २०७५ जारी भएको छ । ऐनको दफा ८ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्थालगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकारको व्यवस्था गरी बालसहभागिताको

अधिकारलाई कानूनी अधिकारको रूपमा स्थापित गरिएको छ । साथै ऐनको दफा १० ले संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकारको स्थापना गर्दै दफा १०(१) ले प्रत्येक बालबालिकालाई बालअधिकारको संरक्षण तथा प्रवर्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार सुनिश्चित गरेको छ । यस सन्दर्भमा तीनै तहका सरकारले बालअधिकार प्रवर्धन गर्न बालविकाससम्बन्धी क्रियाकलाप सञ्चालनमा बालभेलाबाट माग भई आएका योजनाहरू समावेश गर्नु पर्दछ ।

### घ) बालबालिकासम्बन्धी नियमावली, २०७८:

बालबालिकासम्बन्धी नियमावली २०७८ ले बालक्लब स्थापना, नवीकरण र कामकर्तव्यसम्बन्धी प्रावधानको व्यवस्था गरेको छ । नियम १३ मा बालबालिकालाई धारणा व्यक्त गर्न अवसर दिनुपर्ने विषयलाई स्पष्ट रूपमा राखिएको छ । यस प्रावधानले तीनै तहका सरकारले बालबालिकासम्बन्धी विषयमा प्रत्यक्ष र दीर्घकालीन प्रभाव पार्ने निर्णय गर्नुपूर्व आफ्ना धारणा बनाउन सक्षम भएका बालबालिकालाई निर्णय गर्न लागेको विषयमा आफ्नो धारणा व्यक्त गर्ने अवसर दिनुपर्ने विषयलाई संस्थागत गरेको छ ।

### ङ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ऐनको दफा १२ उपदफा (२) खण्ड (ग) अन्तर्गत विकास कार्यको ३० औं काममा वडालाई बालमैत्री बनाउने विषयसमेत उल्लेख भएको छ । ४० औं काममा बालमैत्री शासनजस्ता प्रवर्धनात्मक कार्यहरू गर्ने विषय उल्लेख गरिएको छ । दफा २४ मा योजना बनाई कार्यान्वयन गर्ने  प्रावधानभित्र बालमैत्रीलगायतका विषयलाई ध्यान दिनुपर्ने, दफा २४ (३) (च) मा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनामा प्राथमिकता दिनुपर्ने प्रावधान राखिएको छ। दफा २४(५) मा स्थानीय योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, विषयविज्ञ, अनुभवी पेसाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायतका सरोकारवालाको अधिकतम सहभागितामा गर्नुपर्ने व्यवस्था रहेको छ । सात चरणको योजना तर्जुमा प्रक्रियामध्ये दोस्रो र तेस्रो चरणको बीचमा बालभेला गर्नुपर्छ । बालभेलाका बारेमा सकेसम्म सबै बालबालिकाको प्रतिनिधित्वमूलक सहभागिता होस् भनी समयमा नै सूचना तथा जानकारी दिनुपर्छ ।

# बालसहभागिताका अभ्यासहरू

विगत केही वर्षदेखि बालबालिका विद्यालय वा समुदायमा आधारित बालक्लबहरूमार्फत विभिन्न गतिविधिमा सहभागी हुने गरेका छन् । बालबालिकाका यस्ता सस्थाहरूलाई कानुनी मान्यता दिन सर्वोच्च अदालतले सरकारका नाममा आदेश समेत दिइसकेको छ । समुदायमा आधारित बालक्लबहरू विशेष गरी विषयगत प्रकतिका रहेका छन् । श्रमिक बालबालिकाका बालक्लब, खानेपानी र सरसफाइका क्षेत्रमा काम गर्ने बालक्लब आदि यसका केही उदाहरण हुन् । सूचनाप्रविधिजस्ता विषयमा केन्द्रित बालक्लबहरू पनि सञ्चालन हुन थालेका पाइन्छ । यसैगरी विद्यालयस्तरमा पनि विषयकेन्द्रित बालक्लबहरू सञ्चालन भइरहेका छन् । विद्यालयमा सञ्चालित बालक्लबहरू पनि समुदायमा आधारित जस्ता विभिन्न विषयमा क्रियाशील रहेका छन् । यस्ता क्लबहरूमा सहभागी बालिकाहरूको सङ्ख्या पनि उल्लेख्य रहने गरेको छ । हालका अभ्यासहरूलाई हेर्दा बालक्लबहरूमा बालसहभागिताका अभ्यासमा एकरूपता भने छैन् ।

धेरै जसो पालिका, केही जिल्ला र प्रदेशहरूमा बालक्लबहरूका सञ्जाल गठन गरिएका छन् । त्यस्ता सञ्जालहरूले बालसहभागीताका साथै बालअधिकारसँग सम्बन्धित विविध किसिमका रचानात्मक गतिविधिहरू सञ्चालन गरिहेका छन् । समग्रमा अहिलेका बालसहभागितामा कार्यरत सङ्घसंस्था, विकास साझेदार संस्था र सरकारको सहयोग र समन्वयमा बालबालिका, बालक्लब तथा बालसमूहहरू र बाल सञ्जालहरूले उदाहरणीय अभ्यासहरू, गतिविधिहरू, सचेतनामूलक कार्य, नीतिगत तहमा पैरवी पनि गरिरहेका छन् । साथै विकास र शासनमा बालसहभागिताका अभ्यास बढ्दै गएको छ । बालबालिकालाई शासन पद्धतिसँग परिचित गराउनका लागि नमुना बाल नगरसभा तथा बालसंसद्जस्ता अभ्यास पनि गराउन थालिएको छ । यसै गरी तीनै तहका सरकारका निकायहरूमा पनि बालप्रतिनिधित्व गराउन अभ्यास सुरू भएको छ ।

बालसहभागिताको अभ्यासकै रूपमा बालबालिका आफैंले पनि विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेका छन् । बालबालिका आफैंले भित्तेपत्रिका प्रकाशन, विभिन्न विषयमा जनचेतनामूलक कार्यक्रमहरू, विभिन्न अभियानहरू, जस्तै भिटामिन 'ए' अभियान, पोलियो खोप अभियान, बालश्रमविरूद्धको अभियान, बाल विवाह विरूद्धको अभियान, छाउपडीलगायत सामाजिक कुरीतिविरूद्धको अभियान, क्षमता विकासका कार्यक्रम, राजनीतिक दल, जनप्रतिनिधि तथा सम्बन्धित निकायलाई आफ्नो विषयमा विभिन्न माध्यमबाट ध्यानाकर्षण, आफ्नै नेतृत्वमा विभिन्न महासन्धिउपर पूरक प्रतिवेदन निर्माण तथा प्रस्तुति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा आफ्ना सवालहरूका विषयमा विचारहरू प्रस्तुत गर्ने पनि गरिरहेका छन् ।

# स्थानीय तहमा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरू

स्थानीय तहले आफ्नो योजना तर्जुमा गर्दा विभिन्न सात चरणलाई अवलम्बन गर्नुपर्दछ, जसलाई निम्नानुसार व्याख्या गरिएको छ :



### क) पहिलो चरण : बजेटको पूर्वतयारी

पहिलो चरणमा केन्द्र सरकारले अनुदानसँगै बजेट मार्गदर्शन पनि स्थानीय तहलाई पठाउँछ । बजेट मार्गदर्शनमा केन्द्र सरकारको नीति, केन्द्रीय अनुदान तथा स्थानीय बजेट तर्जुमा गर्दा स्थानीय तहले प्राथमिकता दिनुपर्ने विषयहरू समावेश हुनेछ । स्थानीय तहले आर्थिक, सामाजिक, वन तथा वातावरण, सुशासन र संस्थागत विकास र पूर्वाधार विकास गरी विकासका क्रियाकलापहरू समिति बनाई क्षेत्र तोक्नुपर्छ । सङ्घ र प्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने काम चैत्र मसान्तभित्र सकिन्छ ।

### ख) दोस्रो चरण : स्रोत अनुमान तथा बजेट सीमा निर्धारण

यस चरणमा स्थानीय सरकारको धेरै क्रियाशीलता आवश्यक हुन्छ । गाउँपालिका वा नगरपालिकाका उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा बढीमा ७ सदस्यीय राजस्व परामर्श समिति गठन गरिन्छ । यो समितिले राजस्वका स्रोत, दायरा र दरको समेत प्रस्ताव गर्नेछ । गाउँ/नगरका अध्यक्ष वा प्रमुखको अध्यक्षतामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन हुन्छ । यो समिति पनि ७ सदस्यीय हुनेछ । यो समितिले पहिलो चरणमा प्राप्त हने वित्तीय हस्तान्तरणको खाका, राजस्व समितिको प्रतिवेदन, आन्तरिक ऋणलाई स्रोत र साधनको प्रक्षेपित खाका सीमा, कार्यक्रमको प्राथमिकीकरण र विषयगत क्षेत्रलाई मार्गदर्शन तयार गर्नेछ । यो समितिले वडा तह र बस्ती स्तरमा योजना छनोटको ढाँचा र बस्ती स्तरको योजना छनोटको मिति समेत तय गरी सूचना जारी गर्नेछ । यसरी तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको वैशाख १५ भित्र गाउँपालिका वा नगरपालिकाका विषयगत महाशाखा/शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्नेछ ।

### ग) तेस्रो चरण : बस्तीबाट योजना छनौट

तेस्रो चरणमा बस्ती र टोल स्तरबाट योजना छनौट गरिन्छ । एक वडाभित्र विभिन्न बस्ती तथा टोल हुन सक्छन् । यस्ता टोलहरूमध्येबाट वडाले सबै समुदायको प्रतिनिधित्व हुने गरी टोलटोल वा बस्तीमा सबै सरोकारवालाको भेला गर्छ । सङ्घ तथा प्रदेशबाट प्राप्त बजेट र कार्यक्रमको खाका र स्थानीय सरकारले निर्धारण गरेको प्राथमिकताका योजना तथा कार्यक्रम छनौट गरिन्छ । सामान्यतयाः यो चरण वैशाख मसान्तभित्र पूरा गरिसक्नुपर्छ । बस्ती तथा टोलको योजना छनोटमा सबै समुदायको सहभागिता हुन्छ । बालबालिकाको पनि बेग्लै भेला गराउनु वा अर्थपूर्ण सहभागिता गराउनु यो चरणमा महत्त्वपूर्ण हुन्छ ।

### घ) चौंथो चरण : वडा तहमा योजनाको छनौट तथा प्राथमिकीकरण

वडा समितिले बस्ती तथा टोलबाट आएका योजना तथा कार्यक्रमलाई विषयगत क्षेत्रसमेत छुट्याएर प्राथमिकता दिनुपर्दछ । यो प्रक्रियामा वडा स्तरीय बालमेलाबाट प्राथमिकीकरण भएर आएका मागहरूका आधारमा बालबालिकासँग सम्बन्धित कार्यक्रम गर्नुपर्दछ । यो चरणमा गर्नुपर्ने काम साधारणतया जेठ १० गतेभित्र सम्पन्न गरिसक्नुपर्दछ ।



### ङ) पाँचौं चरण : एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा

वडा तहबाट प्राप्त योजना तथा कार्यक्रमलाई अन्तिम टुङ्गो लगाउन गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा विषयगत शाखा प्रमुखहरू सम्मिलित बजेट तथा कार्यक्रम तर्जुमा समिति हुन्छ । यो समितिले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार, वातावरण तथा विपद्, सुशासन र संस्थागत विकास र संस्थागत वित्तीय व्यवस्थापनसम्बन्धी विषयगत कार्यक्रमहरूको सूची तयार गर्नेछ । यस्तो सूचीमाथि बेग्लाबेग्लै कार्य समूहमा छलफल गराइन्छ । यी सबै प्रक्रिया पूरा गरेपछि स्थानीय तहको वार्षिक कार्यक्रमको प्रस्ताव तयार हुन्छ । यो चरणमा गर्नुपर्ने कामहरू असार ५ गतेभित्र गरिसक्नुपर्दछ ।

### च) छैठौं चरण : गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति

गाउँ तथा नगरपालिकाको कार्यपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेस गरेका वार्षिक कार्यक्रम नगर तथा गाउँ सभामा पेस गर्न स्वीकृति प्रदान गर्ने कार्य यस चरणमा सम्पन्न हुन्छ । गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष वा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यमार्फत असार १० गतेभित्र गाउँ वा नगर सभामा प्रस्तुत गरिसक्नु पर्नेछ ।

### छ) सातौं चरण : गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति

सातौं तथा अन्तिम चरणमा यसरी पेस भएका नीति र कार्यक्रम नगर/गाउँ सभाले दफावार छलफल गरी पारित गर्नेछन् । नीति तथा कार्यक्रम असार २५ र बजेट असार मसान्तसम्म पारित हुन्छ । यो साउनदेखि कार्यान्वयनमा आउने व्यवस्था गरिएको छ । साउन १५ सम्ममा सर्वसाधारणको जानकारीका लागि प्रकाशित पनि गर्नुपर्छ ।



## बाल भेला के हो ?



## बाल भेला के हो ?

स्थानीय तहअन्तर्गत योजना तर्जुमा गर्दा तेस्रो चरणको बस्ती टोलस्तरको योजनाहरूको छनौट तथा सिफारिसपूर्व बालभेलाको आयोजना गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ । स्थानीय तहको योजना छनौट गर्नुपूर्व बालबालिकाका योजना बनाउनका लागि गरिने बालबालिकाको भेला नै बालभेला हो । बालभेला बालबालिकाको बालसहभागितासँग सम्बन्धित आधारभूत बालअधिकार हो । बालभेला मूलतः बालबालिका एक स्थानमा भेला भई आफ्ना सरोकारलाई एकीकृत गर्ने बालबालिकाको साझा चौतारी हो । स्थानीय तहमा बालबालिकासँग सम्बन्धित योजना कार्यक्रमको तर्जुमा गरिँदा उनीहरूको सहभागितालाई सुनिश्चित गराउने प्रक्रियालाई बालभेला भनिन्छ ।

बालमहोत्सव, बालसम्मेलन, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरूको सन्दर्भमा पनि बाल भेला आयोजना गरिँदै आएको छ । तर ती बालभेला अनौपचारिक प्रयोजनका लागि हुन् भने स्थानीय तहका विभिन्न एकाईमा हुने बालभेला योजना छनौट, नीतिनिर्माण र निर्णय प्रक्रियामा बालसहभागिता सुनिश्चित गर्ने प्रक्रिया हो । स्थानीय तहबाट आयोजना गरिने बालभेला एक स्थापित मान्यता हो । बालभेला औपचारिक हुन्छ । विशेषतः स्थानीय योजना तर्जुमा प्रक्रियामा बालभेला गरिनुपर्दछ । स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रियामा बालसहभागितालाई अङ्गीकार गरिएकाले स्थानीय तहको योजना निर्माण प्रक्रियामा बालबालिकाको सहभागितालाई अनिवार्य गरिएको छ ।

## बाल भेला किन गर्ने ?

नेपालको संविधानले अधिकार र स्रोतमा पहुँच भएको स्थानीय तहको परिकल्पना गरेको छ । बालमैत्री स्थानीय शासनसँग सरोकार राख्ने विकाससँग सम्बन्धित निकायहरू स्वतः स्थानीय तहका अभिन्न अङ्ग भएको सन्दर्भमा बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गर्न सहज भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, खेलकुद र व्यक्तिगत घटना दर्ताजस्ता कार्य गाउँपालिका र नगरपालिकाको कार्य क्षेत्रभित्र रहने र सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त अवस्था, पोषणमैत्री, सरसफाइ र वातावरणमैत्रीजस्ता बालमैत्री शासनसँग सम्बन्धित बालभेलालाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियाले समर्थन गर्दछ ।

स्थानीय तहमा बालबालिकाका आवाज प्रवर्धन गर्ने कार्यजिम्मेवारी स्थानीय तहको काम, कर्तव्य तथा अधिकारक्षेत्रभित्र पर्ने भएकाले यी कार्य गर्दा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था भएकोले बालभेला महत्त्वपूर्ण प्रक्रियाको रूपमा रहेको छ ।

बालमेला बालबालिकाको बालसहभागितासँग सम्बन्धित हुन्छ । नेपालले सन् १९९० मा अनुमोदन गरिसकेको बालअधिकारसम्बन्धी महासन्धि १९८९ ले बालबालिकाका नाममा र सवालमा गरिने कुनै पनि काम बालबालिकाको सर्वोत्तम हितमा केन्द्रित हुनुपर्ने र उनीहरूको सहभागिता सुनिश्चित गराउनुपर्ने मार्गदर्शन दिएको छ । बालअधिकारको अभ्यासका क्रममा बालमेलाको बहुपक्षीय सम्बन्ध हुन्छ । यसको अभ्यास प्रभावकारी ढङ्गले हुन सकेमा बालअधिकारका अन्य पक्ष पनि सार्थक हुन सक्ने मानिएको छ । साथै बालमेलाको महत्त्व निम्नानुसार रहेको छ :

- स्थानीय स्तरमा विद्यमान बालबालिकाका सवाल, समस्या र मागलाई पहिचान गरी स्थानीयकरण गर्न,
- बालबालिकाको सहभागितात्मक अवधारणालाई संस्थागत गरी स्थानीय तहमा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्न,
- बालबालिकाका वास्तविक आवश्यकता र प्राथमिकता निर्धारण गर्न,
- बालबालिकाले प्राप्त गर्ने सूचना, जानकारी एक स्थानका बालबालिका र अर्को स्थानका बालबालिकाबीच छलफल गरी सामाजिकीकरणमा योगदान पुऱ्याउन,
- सबै क्षेत्रका बालबालिकाहरूको अर्थपूर्ण सहभागिता वृद्धि गर्न सहयोग पुऱ्याउन,
- बालबालिकाहरुलाई स्थानीय शासन र लोकतान्त्रिक पद्धतिमा सहभागि हुने अवसर प्रदान गराउन,
- विभिन्न क्षेत्रमा रहेका बालबालिकाहरूका समस्याबारे एक आपसमा जानकारी गराउँदै सवालको प्राथमिकीकरण गराउन,
- स्थानीय सरकारलाई बालबालिकाप्रति जिम्मेवार र उत्तरदायी बनाउन ,
- बालबालिका, बालक्लब तथा बालसञ्जालको क्षमता विकासमा सहयोग पुऱ्याउन,
- बालबालिकाका लागि सरोकारवालाले काम गरेका छन् भन्ने कुरा बालबालिकालाई अनुभूत गराउन,
- बालमेला केवल बालबालिका एक स्थानमा भेला भएर गरिने क्रियाकलाप मात्र नभएर बालबालिकाको नागरिक अधिकार र हैसियतसहित आफ्नो कुरा राखे माध्यम पनि हो,
- तय गरिएका आवश्यकता र प्राथमिकताहरूलाई स्थानीय योजना तर्जुमा र बजेट विनियोजनसम्बन्धी निर्णय गर्ने निकायसमक्ष राखी बालबालिकाको सर्वोत्तम हित हुने गरी कार्य गर्ने अवसर सिर्जना गर्न,

## बाल भेलाको प्रकार

### क) नेतृत्व छान्ने र आवधिक बालभेला

बालक्लब तथा सञ्जालले आफ्नो नेतृत्वका लागि बालभेला गर्न सक्छन् । सामान्यतया यस्तो भेलामा बालबालिकाले आफ्नो क्लब वा सञ्जालका गतिविधि, प्रगति, समस्या, चुनौती र कार्ययोजनामा समेत छलफल गरी निर्णय गर्न सक्छन् ।

### ख) विषय विशेष बालभेला

बालबालिका भेला भई कुनै निश्चित विषय वा बालअधिकारका कुनै पनि सवालमा सामूहिक छलफल गर्छन् भने त्यस्तो भेला विषय विशेष बालभेला हो । जस्तै : बालिकाको कुरा गर्न बालिका सम्मेलन, बाल प्रतिभा प्रस्फुटनका लागि बालभेला आदि ।

### ग) योजना तर्जुमाका लागि बालभेला

गाउँ/नगरपालिकाले तयार गर्ने योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्नका लागि गरिने बालबालिकाको प्रतिनिधित्वमूलक भेला नै बालभेला हो । यस्तो बालभेला गाउँ/नगर/वडा/समुदाय स्तरमा आयोजना गरेर योजना तर्जुमा गर्ने कानूनी र नीतिगत व्यवस्था रहेको छ । नेपालको संविधानअनुसार स्थानीय तहको अधिकारक्षेत्र र स्थानीय सरकार सञ्चालन ऐन २०७४ एवम् स्थानीय तहको योजना दिग्दर्शन २०७८ ले पनि स्थानीय तहमा बालभेलाको आवश्यकतालाई उजागर गरेको छ ।

## बालभेला सञ्चालनका चरणहरु

### (१) पूर्वतयारीको चरण (प्रथम चरण)

### क) बालभेलाका लागि स्थान

वडामा : वडाको सबै बालबालिकालाई पायक पर्ने ठाउँमा गर्नुपर्छ । यस्तो ठाउँ विपद्मैत्री र सकेसम्म अपाङ्गमैत्री पनि हुनुपर्छ ।

गाउँ/नगरपालिका तहमा : गाउँ/नरपालिका स्तमा बालभेला गर्दा सकेसम्म धेरै बालबालिकालाई पायक पर्ने ठाउँमा गर्नुपर्छ । बस्तीस्तरको योजना पूर्व सबै वडा तथा गाउँ/नगरपालिका स्तरमा बालभेला गर्नुपर्दछ ।

## ख) सहभागी छनौट

### वडास्तरीय बालभेलामा सहभागी हुने बालबालिका :

- वडामा रहेका प्रत्येक बालक्लबबाट कम्तीमा १ जना बालिका सहित २ जना
- वडा बालसञ्जालका प्रतिनिधि
- बालक्लब, बाल समूहको सदस्य नरहेका बालबालिकामध्ये प्रत्येक बस्ती वा टोलबाट कम्तीमा २ जना
- बालमैत्री स्थानीय शासन वडा तथा समुदाय समितिमा सदस्य रहेका बालबालिका
- स्वास्थ्य व्यवस्थापन समितिमा सदस्य रहेका बालबालिका
- विद्यालय व्यवस्थापन समितिमा सदस्य रहेका बालबालिका
- विद्यालय शिक्षाबाट वञ्चित रहेका बालबालिकामध्ये कम्तीमा १ जना बालिका सहित २ जना
- दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, सीमान्तीकृत, लैङ्गिक, अल्पसङ्ख्यक, अपाङ्गतामा रहेका तथा यौनिक बालबालिकामध्ये कम्तीमा २ जना बालिका सहित ४ जना
- गाउँ/नगरपालिकास्तरीय बाल सञ्जालमा प्रतिनिधित्व गर्ने बालबालिका
- बालमैत्री स्थानीय शासन समितिमा प्रतिनिधित्व गर्ने बालबालिका
- बालअधिकार समितिमा प्रतिनिधित्व गर्ने बालबालिका
- अघिल्लो पटकको बालमेलामा प्रतिनिधित्व गर्ने बालबालिकामध्येबाट २ जना

### गाउँ/नगरपालिका स्तरीय बालभेलामा सहभागी हुने बालबालिका :

- स्थनीय तहमा रहेका वडास्तरीय बालसञ्जालमध्येबाट कम्तीमा १ जना बालिकासहित २ जना (एउटा वडाबाट १ जना मात्र)
- गाउँ/नगरपालिकास्तरीय बालसञ्जालमा प्रतिनिधित्व गर्ने बालबालिका
- बालक्लब/बालसमूहको सदस्य नरहेका बालबालिकामध्ये कम्तिमा एक जना बालिकासहित २ जना
- बालमैत्री स्थानीय शासन गाउँ/नगर समितिमा सदस्य रहेका बालबालिका

- स्वास्थ्य व्यवस्थापन समितिमा सदस्य रहेका बालबालिकामध्येबाट १ जना बालिकासहित २ जना (एउटा वडाबाट १ जना मात्र)
- विद्यालय व्यवस्थापन समितिमा सदस्य रहेका बालबालिकामध्येबाट कम्तीमा १ जना बालिकासहित २ जना (एउट वडाबाट १ जना मात्र)
- विद्यालय शिक्षाबाट वञ्चित रहेका बालबालिकामध्ये कम्तीमा १ जना बालिकासहित २ जना (एउटा वडाबाट १ जना मात्र)
- अपाङ्गता भएका बालबालिकामध्येबाट कम्तिमा २ जना बालिकासहित ४ जना
- लैंगिक तथा यौनिक अल्पसङ्ख्यक, विशेष हेरचाह चाहिने एवं बालगृहमा रहेका बालबालिका मध्येबाट कम्तीमा २ जना बालिकासहित ४ जना (एउटा वडाबाट १ जना मात्र)
- गाउँ/नगरपालिकास्तरीय बालअधिकार समितिमा प्रतिनिधित्व गर्ने बालबालिका
- अघिल्लो पटकको स्थानीय तह स्तरीय बालभेलामा प्रतिनिधित्व गर्ने बालबालिकामध्येबाट २ जना

## ग) बालभेला गर्दा ध्यान दिनुपर्ने विषयहरू

### बालभेला सञ्चालनपूर्व ध्यान पुऱ्याउनुपर्ने कुराहरू:

- गाउँ/नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयसँग समन्वय गर्ने
- बालबालिकालाई पायक पर्ने समय, मिति र स्थान तय गर्ने
- बालभेलाको स्थान, मिति र समयबारे बालबालिका तथा बालक्लबलाई जानकारी दिने
- बालबालिका वा बालक्लबसँग छलफल गरी बालभेलाको योजना तयार गर्ने
- बालअधिकार बुझेको दक्ष सहजकर्ताको छनौट गर्ने
- आवश्यक सामग्रीको तयारी गर्ने
- आफ्नो स्थानीय तहको योजना प्रक्रिया र तय भएका मितिहरूका बारेमा जानकारी राख्ने
- स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताका लागि पहल गर्ने
- बालबालिकालाई सहभागी गराउनुपूर्व अभिभावकलाई जानकारी गराई स्वीकृति लिने
- ८ देखि ११ वर्ष उमेर समूहका बालबालिकालाई वयस्क व्यक्तिको संरक्षकत्वमा मात्र सहभागी गराउने

## बालभेला सञ्चालन गर्दा निम्न विषयमा ध्यान पुऱ्याउनुपर्दछ :

- बालभेलामा पारित भएका मागहरूका बारेमा प्रत्येक सहभागीले आफ्ना बालक्लबमा गएर जानकारी गराउनु पर्ने कुरा बताउने
- बालभेलाका लागि तीन समूहलाई छलफल गर्ने उपयुक्त स्थान छनौट गर्ने
- सहभागीलाई विपद् (आगलागी, भूकम्पजस्ता) अवस्थामा कहाँ जाने, तत्काल के गर्ने भन्ने पूर्वजानकारी दिने
- प्राथमिक स्वास्थ्य उपचारको सामग्री तयारी अवस्थामा राख्ने
- बालबालिकालाई कुनै गुनासो वा अप्ठ्यारो अवस्थामा कसलाई सम्पर्क गर्ने भन्ने कुराको पूर्वजानकारी दिने
- बालभेलाका विधिहरूको पूर्ण प्रयोग गर्ने
- बालभेलाका क्रममा बालबालिकालाई स्वास्थ्य समस्या देखिएमा तुरुन्त सहायता प्रदान गर्न पालिकासँग समन्वय गरी स्वास्थ्यकर्मी तथा औषधीको व्यवस्था गर्ने

## बालभेलापश्चात् ध्यान पुऱ्याउनुपर्ने विषय

- बालभेलाबाट प्राथमिकतामा आएका योजनाहरूको निर्णयको प्रतिलिपि बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सहभागी हुने बालबालिकाले बस्तीस्तरको योजना तर्जुमा हुँदा पेस गर्ने
- बालभेलाबाट प्राथमिकतामा आएका योजनाहरूको निर्णयको प्रतिलिपि सम्पूर्ण बालक्लबलाई जानकारी गराउने
- स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताका लागि पहल गर्ने
- बालभेलाबाट प्राथमिकतामा आएका योजनाहरूको निर्णयको प्रतिलिपिसहित वडा भेला, बस्तीस्तरको भेला आदिमा प्रतिनिधित्व गर्ने सरोकारवाला र बालबालिकालाई जानकारी गराई उनीहरूको सहभागितामा मागहरू पारित गराउन पहल गर्ने
- बालभेलाको निर्णयलाई वस्ती, वडा हुँदै गाउँ/नगरपालिकाको सभाबाट पारित गर्नका लागि पहल गर्ने
- सभाबाट पारित भएको प्रतिवेदनको अभिलेख राख्ने
- बालभेलाको प्रतिवेदन तयार पार्ने र सम्बन्धित स्थानीय तह, समूह, बालक्लब र बालक्लब सञ्जालमा दिने
- बालबालिकाको निम्ति पारित गरिएका योजनाहरूको समयमै कार्यान्वयनका निम्ति पहल गर्ने
- बालबालिकाका कार्यक्रम, सवाल र तिनका उपलब्धिको लेखाजोखा गर्ने
- निरन्तर कार्यक्रमको अवलोकन, पुनरावलोकन, अनुगमन गर्ने


नगर सभा

### २) तयारी चरण (दोस्रो चरण)

बालभेलाको आयोजना गर्दा निम्न क्रमानुसार आयोजना गर्नुपर्दछ ।

#### क) उपस्थिति :

कार्यक्रममा सहभागी, प्रमुख अतिथि र सबै अतिथिहरूको नाम, ठेगाना, संस्था, फोन नम्बर, इमेल र पद खुल्ने विवरणको खाका तयार गरी उपस्थिति कापीमा सबैको हस्ताक्षर गराउने र सबै बालबालिकाको नाम, ठेगाना, उमेर, क्लबको नाम, अपाङ्गता भएको, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक भए सो समेत खुल्ने गरी र क्लबको पद खुल्ने गरी सहभागीको हस्ताक्षर गराउनु पर्दछ ।

#### ख) परिचय र विषयवस्तुबारे जानकारी :

प्रत्येक सहभागीलाई आआफ्नो स्थानबाट पालैपालो आफ्नो परिचय दिन लगाउनुपर्दछ । सबैको परिचय सकिएपछि सबैलाई धन्यवाद दिँदै बालभेलाको उद्देश्यबारे जानकारी गराउनुपर्दछ । कुनै कागजमा सो कुरा लेखिएको भए त्यसलाई सबैले देख्ने ठाउँमा टाँस्ने र सबैले सुन्ने गरी पढेर पनि सुनाउनुपर्दछ ।

#### ग) समूह विभाजन :

**वडामा बालभेला गर्दा विभाजन गर्नुपर्ने समूहहरु**

- ८ वर्षदेखि ११ वर्षसम्मका बालबालिकाको समूह
- १२ देखि १८ वर्षसम्मका बालिकाको समूह
- १२ देखि १८ वर्षसम्मका बालकको समूह
- अपाङ्गता भएका बालबालिकालाई अगाडि सहज स्थानमा राख्नुपर्दछ ।

**गाउँ/नगरपालिकामा बालभेला गर्दा विभाजन गर्नुपर्ने समूहहरु**

- ८ वर्षदेखि ११ वर्षसम्मका बालबालिकाको समूह (सम्भव भए मात्र)
- १२ देखि १८ वर्षसम्मका बालिकाको समूह
- १२ देखि १८ वर्षसम्मका बालकको समूह
- अपाङ्गता भएका बालबालिकाको समूह
- विशेष हेरचाहमा रहेका बालबालिकाको समूह (सम्भव भए मात्र)



### घ) बालभेलाका औजारहरूको प्रयोग

समूह विभाजनको कार्य सकिएपछि बालबालिकालाई निम्नअनुसार बालभेलाका विधिमा समूहगत रूपमा सहजीकरण गर्नुपर्छ । बालभेलामा तल उल्लेख भएअनुसार समूह बनाईसकेपछि भिन्नाभिन्नै हल वा कोठामा छलफल गर्नुपर्दछ । सम्भव नभए एउटै हलको फरकफरक ठाउँमा छलफल गर्नुपर्दछ ।

### अ) वडास्तरीय बालभेलामा प्रयोग गर्न सकिने औजारहरू

८ देखि ११ वर्ष उमेर समूहका बालबालिकाको समूहमा प्रयोग गर्न सकिने औजारहरू

- मन पर्ने र नपर्ने (like/ dislike)
- सुरक्षित र असुरक्षित (Safe/ Unsafe)
- परिकल्पना (Visioning)

यी विधिको प्रयोगपछि समूहकार्यको प्रस्तुतीकरणमा जानुपर्छ ।

१२ देखि १८ वर्षको बालकको समूह र १२ देखि १८ वर्षको बालिकाको समहूमा प्रयोग गर्न सकिने विधिहरूः

- मन पर्ने र नपर्ने (like/ dislike)
- सामाजिक नक्साङ्कन (Social mapping)
- परिकल्पना (Visioning)
- प्रकोप स्तरीकरण (३ वर्षमा एक पटक गर्ने)
- शरीर नक्साङ्कन/ विश्लेषणात्मक पुल

यी विधिको प्रयोगपछि समूहकार्यको प्रस्तुतीकरणमा जानुपर्छ ।

### आ) गाउँ/ नगरस्तरीय बालभेलामा प्रयोग गर्न सकिने औजारहरू :

- सामाजिक नक्साङ्कन
- प्रकोप स्तरीकरण
- कल्पना वृक्ष
- शरीरि नक्साङ्कन/विश्लेषणात्मक पुल

यी विधिको प्रयोगपछि समूहकार्यको प्रस्तुतीकरणमा जानुपर्छ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक बालबालिकाको समूहमा प्रयोग गर्न सकिने औजारहरू :

- मन पर्ने/नपर्ने
- सुरक्षित / असुरक्षित
- परिकल्पना

यी विधिको प्रयोग पछि समूहकार्यको प्रस्तुतीकरणमा जानुपर्छ।

### ३) तेस्रो चरण

बालभेलाको निष्कर्षलाई गाउँ/नगरपालिकामा पेस गर्ने चरण

- बालभेलाबाट प्राप्त मागका आधारमा योजना प्राथमिकीकरणसम्म बालबालिकाको मत र भूमिका महत्त्वपूर्ण रहन्छ। मागहरूलाई प्राथमिकीकरण गरेपश्चात् विषयहरू छुट्याएर बजेतसहितको एउटा कार्ययोजना तयार पार्नुपर्दछ।
- तयार भएको बजेटसहितको योजनालाई वडा वा गाउँ/नगरपालिका, जहाँ बालभेला भएको हो, त्यहीँ पेस गर्ने। यदि वडा तहमा बालभेला गरिएको भए गाउँ/नगरपालिका तहको बालभेलाअगावै सम्पन्न गर्ने र गाउँ/नगरपालिकाको सम्बन्धित शाखा र पालिकास्तरको बालसञ्जालमा पेस गर्नुपर्दछ।


- योजना पेस गर्दा सम्बन्धित तहको बालसञ्जालको अगुवाइमा पेस गर्नुपर्दछ । वडा तहमा भए वडा अध्यक्ष वा वडा समितिसमक्ष र पालिका तहमा भए प्रमुख, उपप्रमुख, प्रशासकीय प्रमुख, महिला तथा बालबालिका शाखामध्ये कम्तीमा एक वा सबैमा पेस गर्न सकिन्छ ।

**याद गर्नुहोस् ...... योजना निर्माण प्रक्रियाका लागि आयोजना गरिने बालभेलामा निम्न कुराहरू हुन्छन् :**

- योजना निर्माण प्रक्रियाका लागि बालबालिकाका माग र सवालहरू छुट्टाउने गरिन्छ ।
- बालभेलामा बालबालिकाका मागहरू तथा योजनाको प्राथमिकीकरण हुने गर्दछ ।
- बालभेलाबाट प्राथमिकीकरणमा परेका योजनालाई माइन्युट गरिन्छ ।
- बालबालिकाको माग र सवालहरू वस्तीस्तरबाट नै एकीकृत रूपमा आउने गर्दछ ।

# बाल भेलामा प्रयोग हुने औजार/विधिहरूको बारेमा सङ्क्षिप्त जानकारी :

# शरीर नक्साङ्कन





# शरीर नक्साङ्कन

अघिल्लो तीन वर्षदेखि बालभेला भएको अवस्थामा र बालबालिकाका आँखाबाट बालभेलापछि बालबालिकाका योजनाको कार्यान्वयन राम्रो भयो कि भएन भनेर जाँच गर्नका लागि बाल शरीर नक्साङ्कन विधि प्रयोग गर्न सकिन्छ । अघिल्लो वर्षहरूमा बालभेला नभएको भए यो विधि प्रयोग गर्न अनिवार्य छैन ।

**समय : ४५ मिनेट**

**आवश्यक सामग्री :**

कागजको ठूलो टुक्रा, न्यूजप्रिन्ट पेपर वा कार्डबोर्ड पेपर, रङ्गीन मार्करहरू, ग्लूस्टिक वा गम ।

**प्रक्रिया :**

- सहभागीहरूमध्य एक जनालाई कागज जोडेएर ठूलो बनाएको ठाउँमा चित्रमा देखाएजसरी सुत्न लगाउने
- अब बाँकी रहेका सहभागीहरू मध्येबाट कसैलाई सुतेको सहभागीको वरिपरि उसको शरीर नक्साङ्कन गर्न लगाउने
- चित्र बनिसकेपछि सबै सहभागीहरूलाई निम्न विषयमा प्रश्न गर्दै शरीरको दायाँ र बायाँ भागमा लेख्न लगाउने । जस्तै : शरीरको दायाँ भागमा बालभेलामा सहभागी हुनुभन्दा अगाडि हाम्रो सोच कस्तो थियो र बायाँ भागमा बालभेलामा सहभागी भएपश्चात् अहिले हाम्रो सोच कस्तो छ भनी लेख्न लगाउने
- सहभागी बालबालिकाहरूलाई अब सबै सहभागीहरूमाझ शरीरको चित्र देखाउँदै त्यसमा भएका बुँदाहरू प्रस्तुत गर्न लगाउने ।

# मन पर्ने/मन नपर्ने








# मन पर्ने/मन नपर्ने

यस सत्रमा बालबालिकाले आफ्ना परिवार, समुदाय, परिवेश, विद्यालय र सामाजिक तथा सांस्कृतिक संरचनामा मन परेका तथा अनुकूल लागेका र मन नपरेका वा अनुकूल नलागेका व्यवहार, वातावरण, चालचलन, संस्कृति र संरचनाका बारेमा चित्र, कथा, कविता, लेख वा आफूलाई सहज लाग्ने कुनै माध्यमबाट व्यक्त गर्न सक्छन् ।

**समय :** ३० मिनेट

**आवश्यक सामग्री :**

न्यूजप्रिन्ट, मार्कर, मास्किङ टेप, साइनपेन, पेन्सिल, इरेजर, कटर, रङ आदि ।

**प्रक्रिया :**

- बालबालिकालाई अघिल्लो विधिमा जस्तै गरी दुईचार वटा न्यूजप्रिन्ट दिएर जोड्न लगाई एउटै ठूलो कागजको भाग बनाउन लगाउने
- अब उक्त कागजलाई बीचमा रेखा कोरेर दुई भागमा विभाजन गर्न लगाउने
- सो दुई भागमध्ये एक भागमा आफ्नो गाउँसमाजमा आफूलाई मन परेका र अर्को भागमा मन नपरेका व्यवहार, परिवेश, वातावरण, ठाउँ, संरचना, सेवा, पूर्वाधारजस्ता कुराहरूको चित्र बनाउन लगाउने ।

*(चित्र बनाउनुभन्दा अगाडि बालबालिकालाई निम्न तीन वटा प्रश्नहरू गर्नुपर्दछ । क) साधारण वातावरण जुन हामीलाई मन*

*पर्दछ वा पर्दैन (भौतिक संरचना, प्रशासनिक संरचना, वातावरण) ख) अरूले गर्ने व्यवहार (बोलेर, लेखेर, छोएर, हेरेर, सामाजिक सञ्जालमार्फत) जुन हामीलाई मन पर्छन् वा पर्दैन । ग) हामीले देख्दै र भोग्दै आएका रीतिथितिमा मन पर्ने र नपर्ने कुराहरू (परिवेश, संस्कार, चालचलन, चाडपर्व, सांस्कृतिक वा धार्मिक नियम, प्रथा आदि) ।*

- चित्र बनाउन असहज लागेमा सहभागीहरूलाई अन्य विधिहरू जस्तै, कथा, कविता, गीत, लेख वा अन्य माध्यमबाट समेत मन पर्ने तथा मन नपर्ने कुराहरू लेख्न लगाउने
- सबै जनाले उक्त कार्य सकिसकेपश्चात् समूहमा सबैलाई प्रस्तुत गर्न लगाउन सकिन्छ ।
- समूह कार्य सकिसकेपछि बनाइएका चित्रलाई समूहमै सुरक्षित राख्नु लगाउनुपर्दछ । बनाईएको चित्र प्रस्ट नभए चित्रको मुनि केको चित्र बनाउन खोजिएको हो सोसमेत लेख्नुपर्दछ ।





# सुरक्षित/असुरक्षित







# सुरक्षित/असुरक्षित

यस सत्रमा बालबालिकाले उनीहरू कुनकुन स्थान वा वातावरणमा सुरक्षित हुन्छन् र कुनकुन स्थान वा वातावरणमा असुरक्षित हुन्छन् भन्ने पहिचान गर्न सक्दछन् ।

**समय :** ३० मिनेट

**आवश्यक सामग्री :**

न्यूजप्रिन्ट, मार्कर, मास्किङ टेप, साइनपेन, पेन्सिल, इरेजर, कटर, हरियो र रातो रङ्गको टीका आदि ।

**प्रक्रिया :**

- बालबालिकालाई अघिल्लो सत्रमा उमेर समूहका आधारमा विभाजन गरिएअनुसनर तीन समूहमा यथावत् बस्न लगाउने
- अघिल्लो सत्रमाझैं न्यूजप्रिन्ट जोड्न लगाउने र एउटा ठूलो पाना बनाउन लगाउने
- सबैलाई चित्र लेख्ने कागज, पेन्सिल र रङ्गीन कलम वितरण गर्ने
- सबै सहभागीलाई अघिल्लो बिहानदेखि बेलुकासम्म आफूले गरेका कामहरू र आफू गएका ठाउँहरू सम्झिनका लागि ३ मिनेटको

समय दिने

- त्यसपछि कागजको बीचमा बालक वा बालिकाको सानो आकृति बनाउन लगाउने त्यसको वरिपरि हिजो आफू बिहान उठेदेखि बेलुका सुत्ने बेलासम्म गएका ठाउँ सम्झँदै चित्र बनाउन लगाउने
- चित्र राम्रो वा नराम्रो जस्तो भए पनि हुन्छ तर त्यसमा आफू गएका स्थानहरु झल्किएको हुनुपर्दछ भन्ने कुरा सम्झाउने
- उक्त स्थानहरूमा कहाँ, कस्तो वातावरण, व्यवहार, रीतिरिवाज र भौतिक संरचनामा आफू सुरक्षित महसुस गरिन्छ ? सो स्थानको चित्रमा हरियो चिन्ह वा टीका टाँस्न लगाउँने र  कहाँ, कस्तो वातावरण, व्यवहार, प्रकोप (बाढी, पहिरो, भूकम्प जस्ता) रीतिरिवाज र भौतिक संरचनामा आफू असुरक्षित महसुस गरिन्छ सो स्थानको चित्र बनाई रातो चिन्ह वा टीका टाँस्न लगाउने
- चित्र तयार गरिसकेपछि उनीहरूलाई आफ्ना चित्रमा समेटिएका विषयहरूबारे प्रस्तुत गर्न र छलफल गर्न लगाउने ।

# परिकल्पना





# परिकल्पना

यस सत्रमा बालबालिका चित्रको माध्यमबाट आफूले चाहेको बालमैत्री गाउँ/नगरपालिका वा वडाको चित्रण गर्न सक्षम बन्नेछन् ।

**समय :** ६0 मिनेट

**आवश्यक सामग्री :**

न्यूजप्रिन्ट, मार्कर, मास्किङ् टेप, साइनपेन, सिसाकलम (पेन्सिल), इरेजर, कटर, मैन, रङ् आदि ।

**प्रक्रिया:**

- बालबालिकालाई अघिल्लो क्रियाकलापमा जस्तै उमेर समूहका आधारमा विभाजन गर्ने
- प्रत्येक समूहलाई न्यूजप्रिन्ट, सिसाकलम, इरेजर, कटर, साइनपेन वितरण गर्ने, बालबालिकालाई दुई मिनेटसम्म आँखा बन्द गरी यसअघि बनाइएका मन परेका र मन नपरेका तथा सुरक्षित र असुरक्षित अवस्था, सामाजिक नक्साङ्कन (कुनकुन विधिहरू प्रयोग गरिएको छ सोहीअनुसार) तथा कुनै स्थानको चित्रमा व्यक्त भएका कुरालाई मध्यनजर गर्दै अब तपाईं एक वर्षपछि कस्तो परिवार, समुदाय, विद्यालय र परिवेश देख्न चाहनुहुन्छ वा हाम्रा लागि (बालबालिकाको लागि) उपयुक्त, सहज, अनुकूल र सुरक्षित तथा बालमैत्री परिवार, समुदाय, विद्यालय, संरचना तथा परिवेश समाज बनाउन के कुरा आवश्यक पर्लान् भन्ने विषयमा कल्पना गर्नुहोस् भन्ने । यसरी कल्पना गर्दा हाम्रो वडाका बालबालिकामाथि कस्तो व्यवहार गरियोस् ? कस्तो वातावरण र भौतिक संरचना बनोस् ? कस्तो रीतिरिवाज तथा संस्कृति भएमा बालबालिका खुसी हुनेछन् ? भन्ने कुरा सोच्नका लागि पनि अनुरोध गर्नुहोस् । साथै गाउँ/नगरपालिकाले कस्तो खालको नीति, नियम र योजना बनाए भने बालबालिकाका लागि राम्रो हुन्छ भनि सोच्नका लागि भन्नुहोस् ।
- त्यसपश्चात बालबालिकालाई आँखा खोली आफूले परिकल्पना गरेका बालमैत्री टोल, समुदाय, परिवार र समुदायमा केके हुनुपर्दछ सोको चित्र, कथा, कविता, गीत वा कुनै पनि माध्यम, जुन आफूलाई राम्रो लाग्छ, त्यसका माध्यमबाट प्रस्तुत गर्न लगाउनुहोस् ।
- समूहकार्य सकिसकेपछि यसअघि बनाइएका 'के मन पर्दछ ? के मन पर्दैन ?' तथा 'के सुरक्षित ? के असुरक्षित ?' सत्रका चित्र समेत यसअघि बनाइएका चित्रलाई पनि सँगै राखी प्रस्तुत नगरेको खण्डमा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

# सामाजिक नक्साङ्कन






# सामाजिक नक्साङ्कन

यो विधि कुनै समुदाय, विद्यालय, वडाका बालक्लब तथा सञ्जालहरूका समस्या, सवाल, जोखिम तथा आवश्यकता पहिचान गर्न उपयुक्त हुन्छ । यसअन्तर्गत कुनकुन स्थान बालबालिकाका लागि अनुकूल, सुरक्षित र प्रयोग गर्न सहज हुने खालका छन् र कुनकुन स्थान, समय, परिवेश, वातावरण, संरचनाहरू बालबालिकाको दृष्टिकोणबाट असुरक्षित, प्रतिकूल र प्रयोग गर्न असहज हुने खालका छन् भनी सामाजिक नक्सामा देखाउन लगाउने र सोहीअनुसार प्रस्तुत गर्न लगाउने गरिन्छ ।

**समय :** ४० मिनेट

**आवश्यक सामाग्री :** ठूलो कागज वा न्यूजप्रिन्ट पेपर ।

- आवश्यकताअनुसार घर, विद्यालय, चौर, मन्दिर, बालक्लब आदि अङि्कत ससाना रङ्गीन कार्डहरू । (यो विधिका लागि ठाउँ र उपलब्धता हेरी स्थानीय सामग्री चक, ढुङ्गा काठ आदिको प्रयोग गर्न पनि सकिन्छ)
- समूहसमूह बसेर छलफल गर्ने र न्यूजप्रिन्ट पेपर ओछ्याएर लेख्ने पर्याप्त स्थान ।

**प्रक्रिया:**

- सहभागीहरूलाई उमेर समूहअनुसारको समूहमा विभाजन गर्नुहोस् ।
- सहभागीहरूलाई आआफनो घर वा बस्ने ठाउँ, समुदाय, विद्यालय, बालक्लबको बैठक बस्ने ठाउँ, खेलमैदान, हिँड्ने बाटो आदिको नक्सा बनाउन लगाउनुहोस् । एक स्थानबाट अर्को स्थान जान कति समय लाग्छ, त्यो पनि उल्लेख गर्न लगाउनुहोस् ।
- अब बालबालिकाले सो चित्रमा भएका स्थानहरूमा केकस्ता विषयहरू बालबालिकालाई अनुकूल, सुरक्षित र प्रयोग गर्न सहज हुने खालका छन् र कुन-कुन स्थान, समय, परिवेश, वातावरण, संरचनाहरू बालबालिकाको दृष्टिकोणबाट असुरक्षित, प्रतिकूल र प्रयोग गर्न असहज हुने खालका छन् ती स्थान, सामाजिक नक्सामा देखाउन लगाउनुहोस् । यसरी देखाउँदा बालबालिकालाई उपयुक्त लागेकामा हरियो टीका वा रङ्ग र अनुपयुक्त लागेकोलाई रातो टीका वा रङ्ग लगाउन सकिने कुरा पनि बताउनुहोस् ।
- आफूले देखाएका विषयहरू कुनै नबुझिने भएमा लेखेर पनि देखाउन सकिने कुरा सहभागीहरूलाई जानकारी गराउनुहोस् ।

# कल्पना वृक्ष





# कल्पना वृक्ष

बालबालिकाका लागि समस्या, समाधानका उपाय र कार्यक्रम पहिल्याउन प्रयोगमा ल्याउन सकिने र एउटा रूखको चित्र बनाई सामूहिक अभ्यास गरिने हुँदा यसलाई कल्पना वृक्ष भनिन्छ । यो विधिमा बालबालिकाले पाइसकेको अवसर, बालमैत्री वातावरण र संरक्षणको विषयलाई रूखको जराका रूपमा, उनीहरूले भोगिरहेका शोषण, भेदभाव, दुर्व्यवहार, प्रकोप जस्ता समस्या तथा सवाललाई काण्डमा र बालबालिकाको जीवनमा देख्न आफ्नो पारिवारिक र समुदायको अवस्थालाई फूल तथा फलका रूपमा छलफल गरी आगामी प्राथमिकता तय गर्न सकिन्छ ।

**समय :** ४० मिनेट

**आवश्यक सामग्री :**

न्यूजप्रिन्ट पेपर वा कार्डबोर्ड र विभिन्न आकारमा काटिएका मेटाकार्ड, विभिन्न रङ्गको मार्कर, ग्लूस्टिक वा मास्किङ्ग टेप आदि ।

**प्रक्रिया :**

- उमेर तथा समूह विभाजन गरिसकेपछि एउटा ठूलो न्यूजप्रिन्ट कागजमा जरादेखि फूलसम्म भएको रूखको आकृति बनाउन लगाउनुहोस्,
- सहभागी बालबालिकालाई केके कुराको व्यवस्था भएमा तपाईं वा तपाईं जस्तै साथीको घरपरिवार, समुदाय, बालक्लब र विद्यालयमा सहज, सुरक्षित र उपयुक्त (सुहाउँदो) वातावरण हुन्छ तथा बालअधिकारको संरक्षण हुन्छ भनेर छलफल गर्दै ती कुराहरू जरामा लेख्न लगाउनुहोस् । जस्तै न्याय, मायाममता तथा समानता, बाल मैत्री शिक्षण सिकाइ, आफ्ना विचारहरू राम्रोसँग राख्न नपाउनु आदि ।
- रूखको डाँठ (काण्ड) मा हाल बालबालिकाले भोग्न परिरहेका समस्याहरू जस्तै शोषण, भेदभाव, शिक्षाको अभाव, बालविवाह आदि मेटाकार्डमा लेखेर टाँस्न लगाउनुहोस् ।

- अब सहभागी बालबालिकालाई तपाईंले आफ्ना अवसर केके छन्, अनि कस्ताकस्ता समस्या छन् भनि प्रस्तुत गर्नुभयो, अब तपाईंहरू एक वर्षमा कस्तो भएको देख्न चाहनुहुन्छ भनी तयार गर्न लगाउनु होस्।
- परिवार, समुदाय र स्थानीय तहले के गरिदियोस् भन्ने चाहनुहुन्छ ध्यान दिएर, गीत, चित्र वा कुनैपनि सिर्जनात्मक माध्यमबाट तयार गरी फूल तथा फलको भागमा टाँस्न लगाउनुहोस्। खास गरी यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिकाको सवाल र मागलाई पहिचान गर्नका लागि यो विधि प्रयोग गर्न सकिन्छ। साथै अपाङ्गता भएका बालबालिकाको सवाल, समस्या र आवश्यकता पहिचान गर्नका लागि पनि यो विधि उपयुक्त हुन सक्दछ।

# बालबालिकाका समस्या, सवाल र माग (योजना)को पहिचान र वर्गीकरण

## समस्या भनेको के हो ?

बालबालिकाको नियमित जीवनमा आइपर्ने कुनै पनि बाधाव्यवधान र चुनौतीहरू नै समस्या हुन्। समस्याको प्रकृति, स्थिति, संस्कृति, भेषभूषा र समुदाय एवं समयअनुसार फरकफरक हुन्छ। शैक्षिक सामग्रीको अभावमा बालबालिकाले विद्यालय छोड्नु पर्ने अवस्था, विद्यालयमा खेल्ने चौर व्यवस्थित नहुनु, समुदायमा हुने विभिन्न क्रियाकलापहरूमा बालबालिका सानो छन् भनी सहभागी नगराउनु आदि समस्या हुन सक्दछन्।

## सवाल भनेको के हो ?

कुनै पनि समस्याको मूल कारण वा कुनै पनि समस्याको ठूलो रूप नै सवाल हो। जस्तै नियमित विद्यालय जान नपाउनु समस्या हो भने बालश्रम सवाल हो। साथै बालबालिकासम्बन्धी कार्यक्रमहरूमा बालबालिकालाई सहभागी नगराउनु, बालविवाह, बाल दुर्व्यवहार, हेपाइ आदि बालबालिकासँग सम्बन्धित सवाल हुन सक्छन्।

## माग भनेको के हो ?

बालबालिकाले आफ्ना चाहना वा इच्छा जुन स्थानीय तह, समुदाय र परिवारले पूरा गरून् भन्ने चाहन्छन् त्यो नै माग हो। बास्तवमा समस्या र सवाल सम्बोधन गर्नका लागि के-के गर्नुपर्छ भनि तयार गरिएका कामहरूको सुची नै माग हो। जस्तै बालक्लबका लागी क्रियाकलाप तथा गतिविधिका लागि निश्चित बजेट, बालक्लब सञ्चालनका लागि सहजकर्ताको व्यवस्था, खेल मैदान र शौचालय बालमैत्री बनाउने भन्ने कुरा बालबालिका माग हुन सक्छन्।

**समय :** ३० मिनेट

**आवश्यक सामग्री :**

न्यूजप्रिन्ट, मार्कर, मास्किङ टेप, साइनपेन, मेटाकार्ड आदि।

**प्रक्रिया :**

- सहभागी बालबालिकाहरूलाई समस्या, सवाल र मागका बारेमाउदाहरण सहित प्रस्ट पार्नुहोस्,
- यसपछाडि प्रत्येक समूहलाई आफ्नो समूहमा आएका समस्या, सवाल तथा मागहरूलाई छुट्याएर लेख्न भन्नुहोस्,
- ८ -११ वर्षका बालबालिकाको समूहलाई सहजकर्ताले आफैं बालबालिकाको समस्या, सवाल र मागलाई लेख्नका लागि सहयोग गर्नुहोस् ।
- त्यसपछि उनीहरूले लेखेका सवालहरूसँग सम्बन्धित समस्या पहिचान गरी समस्या समाधानका उपाय (माग) लेख्न लगाउनुहोस् । समस्याको सूचीबाट पनि त्यसै गरी मागहरू लेख्न लगाउनुहोस् ।
- मागलाई छुट्टाछुट्टै रूपमा मेटाकार्डमा लेख्न अनुरोध गर्नुहोस् । सकभर एउटा मेटाकार्डमा एउटा मात्र माग लेख्न लगाउनुहोस् ।

**उदाहरण**

| समस्या | सवाल | माग |
|---|---|---|
| विद्यालयमा बालबालिकाहरू नियमित नआउने | बालश्रम | • शिक्षाको आवश्यकताको विषयमा जनचेतनामूलक अभियान सञ्चालन गर्ने<br>• बालश्रम निवारणका लागि स्थानीय सरकारलाई ध्यानाकर्षण गर्ने |

समूहमा बालबालिकाले चित्रको माध्यमबाट व्यक्त गरेका कुराहरूलाई प्रस्तुत गर्दा ती चित्रभित्र माग र सवाल दुवै मिसिएर आएका हुन सक्छन् । त्यसैले कार्यक्रम सहजकर्ताले विशेष ध्यान दिनु पर्दछ । यस्तो अवस्थामा सहजकर्ताले सहभागी बालबालिकासँग उक्त चित्रमा देखाउन खोजेको समस्या, सवाल तथा मागलाई छलफलको माध्यमबाट छुट्याउन सहयोग गर्नुपर्दछ ।

# माग (योजना)को प्राथमिकीकरण

यस सत्रले बालबालिकाहरूले ल्याएका योजना प्राथमिकीकरण गर्दै पालिकाको परिषद्मा पठाउने योजनाको अन्तिम रूप तयार गर्न सहयोग गर्छ । बालबालिकाहरूले समग्र रूपमा आफूहरूले देखेका समस्या समाधानका लागि विभिन्न योजनाहरू तथा मागहरू तयार गरेका हुन सक्दछन् । तर योजना प्राथमिकीकरण गर्दा ती सबै योजना तथा मागहरू सम्बोधन नहुन पनि सक्दछ् । त्यसैले सहजकर्ता यस बेला विशेष रूपमा चनाखो हुनुपर्दछ ।

**समय :** ३० मिनेट

**आवश्यक सामग्री :**

न्यूजप्रिन्ट मार्कर, मास्किङ् टेप, टिका चकलेट आदि ।

**प्रक्रिया :**

- सबै समूहहरूलाई एकै ठाउँमा राखी प्रत्येक समूहका प्रतिनिधिलाई अगाडि आएर आआफ्ना मागहरू सुनाउन लगाउनुहोस् ।
- प्रस्तुतिका क्रममा एउटै माग दोहोरिएको भए, सहजकर्ताले दोहोरिएका मागलाई समेटी एउटै मात्र राख्नुहोस् (यस क्रममा मागहरूको सङ्ख्या केही घट्न सक्दछ ।)
- अब प्रत्येक सदस्यलाई १५-१५ वटा चकलेट दिनुहोस् र ती चकलेटलाई मत (भोट)का रूपमा प्रयोग गरिनेछ भनी जानकारी गराउनुहोस् ।
- सहभागीले एउटा मागमा बढीमा ५ वटा चकलेट हाल्न सक्दछन । आफूहरूलाई बढी महत्त्वपूर्ण लागेका मागमा बढी चकलेट र कम महत्वपूर्ण मागमा कम चकलेट हाल्न सकिने कुरा बताउनुहोस् ।
- अक्सर भोट दिने क्रममा बालबालिकाहरूले उत्साहित भएर आफ्नै समूहले लेखेका, आफूले लेखेका मागमै मात्र भोट हाल्न

सक्दछन् । सहजकर्ताले भोट हाल्नुअघि आफ्नो ठाउँका बालबालिकाका लागि कुन कार्यक्रम प्रमुख आवश्यकता हुन्, तिनमा भोट हाल्नका लागि प्रोत्साहित गर्नुहोस् ।

- यसरी सबैले मतदान गरिसकेपछि बालबालिकाकै रोहबरमा मतगणना गर्नुपर्छ । सबैभन्दा बढी भोट पाउने योजना एक नम्बरमा राख्नुहोस् र त्यसभन्दा कम पाउनेलाई मतअनुसार क्रमैसँग प्राथमिकता निर्धारण गरेर लेख्दै जानुहोस् ।
- प्राथमिकताका आधारमा माइन्युट गरी सबैलाई धन्यवाद दिई बालभेला अन्त्य गर्नुपर्छ ।

## बाल भेलाको निर्णय पुस्तिका (माइन्युट)को नमुना

- आज मिति ...................... साल .................... महिना ... गते ................... बार ............................... जिल्लाको ......................... गाउँ / नगरपालिकाको बालभेला गाउँ/नगरस्तरीय बालसञ्जालका अध्यक्ष.......................................को अध्यक्षतामा सम्पन्न भयो । निम्न बमोजिमको उपस्थितिमा सम्पन्न बालभेलामा विभिन्न विधिहरू प्रयोग गरी बालबालिकाका योजनाहरूको छनोट गरियो ।

### उपस्थिति

| क्र.सं. | नाम | पद | क्लब/ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |

**प्रस्तावहरू :**

१. योजना छनोट सम्बन्धमा

२. परिषद्मा पठाउने योजनाहरूका सम्बन्धमा

**निर्णयहरू :**

**निर्णय नं. १ :** आज यस बाल भेलामा विभिन्न विधिहरू प्रयोग गरी विस्तृत छलफलबाट तय गरिएका योजनाहरूलाई सबै बालबालिकाको मतदान मार्फत् प्राथमिकीकरण गरी निम्नानुसार प्राथमिकताको क्रममा राख्ने निर्णय गरियो :

क) बालविवाहविरूद्ध सडक नाटक प्रदर्शन गर्ने

ख) इन्टरनेटको प्रयोगबाट बालबालिकामाथि परिरहेको नकारात्मक प्रभावका बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने

ग) बालश्रमिकको तथ्याङ्क सङ्कलन गर्ने

घ) हरेक विद्यालयमा खेलकुद सामग्री खरिद गर्ने

ङ) विद्यालय छाड्ने बालबालिकाको अवस्था तथा समस्या बुझ्न घरदैलो भेटघाट कार्यक्रम गर्ने

च) बालक्लबलाई बालक्लब व्यवस्थापन तथा नेतृत्व विकास तालिम दिने

छ) विद्यालयका शिक्षकशिक्षिकाका लागि बालमैत्री व्यवहारबारे अभिमुखीकरण कार्यक्रम गर्ने

ज) जन्मदर्ताको महत्त्वबारे अभिभावकका लागि अभिमुखीकरण कार्यक्रम गर्ने

झ) बालबालिकाका लागि अवलोकन भ्रमण कार्यक्रम आयोजना गर्ने

**निर्णय नं. २ :** प्राथमिकीकरणमा परेका योजना तथा कार्यक्रमहरूमध्ये प्राथमिकता क्रमअनुसार १ देखि ५ नम्बरसम्मका कार्यक्रमलाई गाउँ /नगरपालिकाको परिषद्मा पठाउने निर्णय गरियो ।

क) बालविवाह विरूद्ध सडक नाटक प्रदर्शन गर्ने

ख) इन्टरनेटको प्रयोगबाट बालबालिकामाथि परिरहेको नकारात्मक प्रभावका बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने

ग) बालश्रमिकको तथ्याङ्क सङ्कलन गर्ने

घ) हरेक विद्यालयमा खेलकुद सामग्री खरिद गर्ने

ङ) बालक्लबलाई बालक्लब व्यवस्थापन तथा नेतृत्व विकास तालिम दिने ।

**यसरी तयार भएका योजनालाई परिषद्मा पेस गर्न निम्न खाका प्रयोग गर्न सकिन्छ :**

| क्रं सं. | पहिचान भएका सवाल | सवाल सम्बोधनका लागि योजना | मुख्य जिम्मेवारी | सहयोगी निकायहरू | अनुमानित लागत | योजना सञ्चालन हुने वडा/स्थान |
|---|---|---|---|---|---|---|
| पूर्वाधार विकास | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **सामाजिक तथा क्षमता विकास** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **संस्थागत विकास** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## बाल भेलाको क्रममा बालबालिकाको भूमिका के हुन सक्दछ ?

स्थानीय तहको योजना तर्जुमाको क्रममा बालबालिकाहरूको भूमिका महत्त्वपूर्ण र विविध हुन्छ। बालबालिकाहरूको सहभागिताले योजनालाई थप समावेशी, प्रभावकारी र दिगो बनाउन मद्दत पुऱ्याउँछ। बाल भेलाको क्रममा बालबालिकाहरूको भूमिका के हुन सक्छ भन्ने केही बुँदाहरू निम्न अनुसार प्रस्तुत गरिएको छ :

१. **आफ्नो साथीलाई जानकारी वा सूचना दिने :** बालभेला हुनुपूर्व बालबालिकाहरूले बालभेलाका बारेमा आफुले पाएको सूचना आफ्नो साथीहरूलाई पनि दिन सक्दछन्। उनीहरुले बालभेला कहिले हुने, कहाँ हुने, कति समयसम्म हुने र कोको सहभागी हुन सक्छन् भन्ने बारेमा आफ्ना साथीलाई जानकारी दिन सक्छन्। बालभेला आयोजना हुँदै छ भनेर विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने बढीभन्दा बढी बालबालिकालाई जानकारी गराउन सक्दछन्।

२. **योजना तथा बजेटका बारेमा अध्ययन :** योजना निर्माणको पहिलो चरण बजेटको पूर्व तयारी चरण भएकोले बाल क्लब, बाल क्लब संजाल तथा बाल पैरवी परिषद्ले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा बालबालिकासँग सम्बन्धित योजनाहरू र उक्त योजना अन्तर्गत छुट्याइएको बजेटसँग सम्बन्धित कामहरुमध्ये केके कामहरू सम्पन्न भए के के कामहरू सम्पन्न हुन बाँकी छन् भनेर जानकारी लिने तथा अध्ययन गर्ने गर्नुपर्दछ। साथै आगामी योजनामा बालबालिकासँग सम्बन्धित योजनाका लागि अर्थपूर्ण सहभागिताका लागि स्थानीय तहका जनप्रतिनिधिलाई सचेत गराउने, ध्यानाकर्षण गराउने गर्न सक्दछन्।

३. **पूर्व तयारी :** बालभेलापूर्व बालभेलाको बारेमा जानकारी पाएका बालबालिकाहरूको अग्रसरतामा आफ्ना साथीहरूबीचमा बालबालिकाहरूका सवालको बारेमा छलफल गरी बाल भेलाको क्रममा उठाउन सकिने विषयमा पूर्वतयारी गर्न सक्दछन्। साथै बालभेलामा सहभागी हुन समावेशिता जस्तै, बालक, बालिका, अपाङ्गता भएका बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समूहका बालबालिका, उमेर समूह, भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व आदिका विषयमा पनि छलफल गरी यी विषयलाई सम्बन्धित पालिकाले ध्यान दिएको वा नदिएको विषयमा एकिन गर्न सक्दछन्। साथै यसपछी बस्तीस्तरको योजना प्रक्रिया सुरू हुने भएकाले यो चरण सुरू भएको जानकारी सम्बन्धित पालिकाबाट नगर वा गाउँस्तरिय बाल सञ्जालले प्राप्त गर्नुपर्छ। त्यसपछि वडास्तरिय र स्थानीय तहस्तरिय बालभेलाको तयारी गर्नुपर्छ। यस अवस्थामा बालबालिकाहरूका समस्याहरु केके छन् भन्ने विषयमा आआफ्नो बालक्लबमा समेत छलफल गर्न सकिन्छ। बालभेला समयमानै आयोजना गर्न वडा र स्थानिय तहलाई बालबालिकाहरूले सचेत गराउनुपर्छ।


STORY
LITERATURE
Keep Silence
रानी पुतली
Wel Come
सामुदायिक पुस्तकालय

**४. प्रतिनिधि छनौट :** बालबालिकाहरूले हाम्रो बस्तीस्तरको योजना तर्जुमा कहिले हुँदै छ र कुन ठाउँमा हुँदै छ भन्ने जानकारी लिनुपर्छ। यस्तो जानकारी वडास्तरिय बालअधिकार समिति, वडा सदस्य वा अध्यक्षबाट लिन सकिन्छ। त्यसपछि बस्तीस्तरको योजना छनौटमा बालक्लबलाई पनि बोलाउनका लागि पनि अनुरोध गर्नुपर्दछ । बस्तीस्तरको योजना छनौटअघि बालक्लबको बैठक बसी बस्तिस्तरको योजना छनोटमा बालक्लबबाटको सहभागी हुन हो सोको निर्णय गरी उक्त भेलामा सक्रिय सहाभागिता जनाउनुपर्दछ।

**५. समस्याको पहिचान, सुझाव पेस :** भेलामा सहभागी हुने बालप्रतिनिधिले बालबालिकासँग सम्बन्धित स्थानीय सवाल वा समस्या भए सोसमेत टिपोट गरी भेलामा सहभागी हुनुपर्छ। सो समयमा लिखित र मौखिक रूपमा आफ्नो योजना पेस गर्नुपर्छ। बालबालिकाहरूले आफ्नो समुदायमा भोगिरहेका समस्याहरू, जस्तै, खेलकुद स्थलहरूको कमी, विद्यालयमा भोगिरहेका चुनौतीहरू, स्वास्थ्य सेवामा पहुँच, विद्यालयमा बालिकामैत्री शौचालयको अभाव, बालबालिकाको सवालमा लगानी जस्ता कुराहरूको बारेमा लिखित वा मौखिक रूपमा पेस गर्नुपर्दछ।

**६. प्राथमिकता निर्धारण तथा फलोअप :** बालबालिकाहरू आफ्नो समुदायको विकासका लागि केकस्तो आवश्यकता छ भन्ने कुरामा सुझाव दिन सक्छन्। उनीहरूले प्राथमिकताहरू निर्धारण गर्न मद्दत गर्न सक्छन्, जसले स्थानीय तहको योजनालाई उनीहरूको आवश्यकतालाई केन्द्रित बनाउन मद्धत पुऱ्याउँछ। त्यसैले बालभेलाबाट आएका योजनालाई वडा समितिमा दिएपछि के हुँदै छ भनी चासो राख्नुपर्छ। बालभेलाले प्राथमिकिकरण गरी पठाएका योजनाहरू समावेश गर्नका लागि वडा अध्यक्ष र जनप्रतिनिधिहरूलाई अनुरोध गर्नु पर्दछ र बेलाबेलामा उहाँहरूलाई सम्झाउनुपर्छ।

**७. योजनामा समावेश भए नभएको यकिन :** नगरपालिकामा वा गाउँपालिकामा बालबालिकाहरूले बजेट तथा कार्यक्रम तर्जुमा समितिमा आफ्ना कार्यक्रम कति समेटिए वा समेट्न बाँकी छन् भनी चासो राख्नुपर्छ। यसका लागि बालकल्याण अधिकारी, सामाजिक शाखा प्रमुख, प्रमुख प्रशासनिक अधिकृत र विषयगत समितिका जनप्रतिनिधिसँग सम्पर्कमा रहनुपर्छ र आफ्नो चासो देखाउनुपर्छ। यसमा गाउँ वा नगरस्तरीय बालसञ्जालले बढि भूमिका खेल्न सक्छन्।

साथै बालबालिकाहरूले भनेजस्तै वा पेस गरेजस्तै योजना कार्यपालिकामा पेस भए नभएको बुझ्न जनप्रतिनिधि विशेष गरी प्रमुख वा अध्यक्ष र उपप्रमुख वा उपाध्यक्ष, प्रमुख प्रशासनिक अधिकृत र कार्यपालिकाका सदस्यहरूलाई भेट्ने, जानकारी लिने, पत्राचार गर्ने, ज्ञापनपत्र बुझाउने, अन्तरक्रिया गर्ने गर्न सकिन्छ। बालबालिकाका लागि बालभेलाले माग गरेका अधिकतम योजनाहरू छनौटका लागि अनुरोध

गर्नुपर्छ। त्यसपछी कार्यपालिकाले स्वीकृत गरेका बालबालिकासँग सम्बन्धित केकस्ता योजना तथा कार्यक्रमहरू यो वर्ष समावेश भएका छन् भन्ने बारेमा जानकारी लिने र सबै बाल क्लब, बालक्लब सञ्जाल र बाल पैरवी परिष्द्का सदस्यहरूलाई जानकारी गराउनु पर्दछ।

७. **सृजनशीलता र नवप्रवर्तन :** बालबालिकाहरूमा धेरै सृजनशीलता हुन्छ। उनीहरूले आफ्ना सवालहरूमा र विकासका सन्दर्भमा पनि नयाँ विचार तथा नवप्रवर्तन प्रस्तुत गर्न सक्छन्, जसले योजनालाई नयाँ दृष्टिकोण प्रदान गर्न सक्छ। आफ्नो समुदायमा भैइरहेका विकासनिर्माणका गतिविधि तथा योजनाहरू केकति बालबालिकाकेन्द्रित तथा बालमैत्री छन् वा छैनन्, हाल भैइरहेको विकासनिर्माण, योजना तथा कार्यक्रमहरूलाई कसरी बालबालिकाकेन्द्रित बनाउन सकिन्छ, कुनकुन विषयलाई प्राथमिकता दिने भन्नेजस्ता विषयमा बालबालिकाहरूले आफ्नो धारणा तथा विचार प्रस्तुत गर्न सक्दछन्।

८. **निर्णय प्रक्रियामा सहभागिता :** बालबालिकाहरूलाई निर्णय प्रक्रियामा समावेश गर्दा उनीहरूमा जिम्मेवारीको भावना बढ्छ। यसले उनीहरूलाई योजना कार्यान्वयनमा पनि सक्रिय बनाउँछ। बालभेलाका क्रममा उनीहरूले स्थानीय तहको योजना तर्जुमाको क्रममा मात्र नभई बालबालिकासँग सम्बन्धित प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सरोकार हुने विषयको निर्णय प्रक्रियामा, विकासनिर्माणका क्रममा, कार्यान्वयन र अनुगमनको क्रममा कहाँ कसरी सहभागी हुने भन्ने विषयमा पनि आफ्नो विचार प्रस्तुत गर्न सक्दछन्। सोहीअनुसार निर्णय प्रक्रियाहरूमा बालबालिकालाई कसरी सहभागी गराउने भन्ने योजना बनाउन सहयोग पुग्दछ। बालबालिकाहरूलाई योजना तर्जुमा पश्चात पनि निर्णय प्रकृयाहरूमा सहभागी गराउनुपर्दछ। त्यसैले बालबालिकाले सकेसम्म आफूसँग सम्बन्धित विषयहरूमा चासो राखी निर्णय प्रक्रियामा सक्रिय सहभागिता जनाउनुपर्दछ।

९. **सुझाव र अनुगमन :** बालभेला सम्पन्न भई स्थानीय तहले बनाउने योजनाअनुसारको कार्यान्वयनका क्रममा बालबालिकाहरूको सल्लाह तथा सुझाव लिनु र अनुगमनमा सहभागी गराउनु महत्त्वपूर्ण हुन्छ। यसले योजना सही दिशामा अघि बढिरहेको छ कि छैन भन्ने कुराको मूल्याङ्कन गर्न मद्दत गर्छ। बालबालिका स्वयम्ले पनि यस प्रक्रियामा सहभागी हुने, बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रमहरूको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन गर्ने, सम्बन्धित पक्षलाई सुझाव दिने र आवश्यक जानकारी लिने काम गर्नुपर्दछ।

१०. **अभियान र सचेतना :** बालभेलापश्चात बालबालिकाहरू योजनासम्बन्धी विभिन्न अभियान र सचेतना कार्यक्रमहरूमा सहभागी हुन सक्छन्। उनीहरूले आफ्ना साथीसङ्गी, परिवार र समुदायलाई योजनाका फाइदाबारे जानकारी दिन सक्छन्।

**११..साझेदारी र सहयोग :** बालबालिकाहरू स्थानीय तहका विभिन्न सरोकारवालासँग मिलेर काम गर्न सक्छन् । उनीहरूले समुदायका अन्य सदस्यहरू, सरकारी अधिकारीहरू र गैरसरकारी संस्थाहरूसँग साझेदारी र सहयोगको वातावरण निर्माण गर्न सक्छन् । बालबालिकाहरूले आफ्नै पहलमा र नेतृत्वमा स्थानीय तहको योजना निर्माण, कार्यान्वयनको चरण र अनुगमनको क्रममा सचेतनामुलक कार्यक्रम सञ्चालन, सूचना सम्प्रेषण, समन्वयात्मक कार्य तथा सकारात्मक तरिकाले खबरदारीजस्ता रचनात्मक गतिविधिहरू सञ्चालन गर्न सक्दछन् ।

**११. विधिहरुको उचित प्रयोग :** बालबालिकाले बालभेलाका लागि प्रस्तुत भएका विधिहरूको उपयुक्त तरिकाले प्रयोग गर्नुपर्दछ । यी विधिहरू बालमैत्री भएकाले यिनले सबै बालबालिकाहरूको सहभागिता सुनिश्चित गर्दै बालबालिकाहरूका आवजहरूलाई अगाडि ल्याउँन सहयोग गर्दछन् । त्यसैले बालबालिका स्वयम्ले पनि बालभेलामा प्रयोग गरिएका विधिहरूमा सक्रिय सहभागिता जनाई आफ्ना कुराहरू राख्नुपर्दछ ।

यसरी, स्थानीय तहको योजना तर्जुमामा बालबालिकाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नाले योजनाहरू अझ प्रभावकारी, सृजनशील र दिगो बनाउन मद्धत पुग्छ ।

## स्रोत सामग्री


- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- बालबालिकासम्बन्धी ऐन, २०७५
- बालमेला सञ्चालन गर्दा पालना गर्नुपर्ने कुराहरू सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७३
- बालमेला सञ्चालन र सहजीकरण हाते पुस्तिका, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७४
- बालबालिकाको सुनुवाइको अधिकार, केन्द्रीय बाल कल्याण समिति
- बालमेला सञ्चालन तथा सहजीकरण दिग्दर्शन २०८०, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# Founder Members of Consortium Nepal

| S.N | Name of Organisation |
|---|---|
| 1 | CWIN Nepal |
| 2 | Concern Nepal |
| 3 | Hatemalo Sanchar |
| 4 | CBRO, Biratnagar |
| 5 | Save The Children UK |
| 6 | Save The Children Norway |
| 7 | Save The Children US |
| 8 | Child Development Society |
| 9 | UPCA Dharan |
| 10 | Safe Nepaljung |

# Member ogranizations of Consortium Nepal

| Koshi Province | | |
|---|---|---|
| **S.N** | **Name of Organisation** | **District** |
| 1 | Baal Bikas Samaj (CDS) | Udayapur |
| 2 | FOHREN | Morang |
| 3 | ECDF | Taplejung |
| 4 | Hukudek Nepal | Pachthar |
| 5 | Mahila Jana chetana Kendra | Jhapa |
| 6 | Deurali Society | Therathum |
| 7 | Samudaik Bikas Manch) (Community Devel-opment Forum,Nepal) | Dhankuta |
| 8 | SODA Bhojpur | Bhojpur |
| 9 | Dur Dristi Bikas Samajh | Sunsari |
| 10 | Young Star Club | Solukhumbu |
| 11 | IRMC Okhaldhunga | Okhaldhunga |
| 12 | Janasewa Samajh | Khotang |
| 13 | HURF Illam | Illam |
| 14 | MATS Nepal | Sankhuwashava |
| **Madhesh Province** | | |
| **S.N** | **Name of Organisation** | **District** |
| 1 | Jagaran Abhiyan | Saptari |
| 2 | Protection Nepal | Bara |
| 3 | RCDC | Dsanusha |
| 4 | Janasewa Yuwa Club | Rautaht |
| 5 | SABAL Nepal | Saptari |
| 6 | AASMAN Nepal | Dhanusha |
| 7 | Jawas | Dhanusha |
| **Bagmati Province** | | |
| **S.N** | **Name of Organisation** | **District** |
| 1 | CBR/Bhaktapur | Bhaktapur |
| 2 | Nepal GoodWeave Foundation | Kathmandu |
| 3 | Looniva Child Concern Group | Lalitpur |
| 4 | Global Action Nepal | Kathmandu |
| 5 | FOWEP | Kavre |
| 6 | CBR/Lalitpur | Lalitpur |
| 7 | Child Nepal | Kathmandu |
| 8 | Prayash Nepal | Dhading |
| 9 | CWIN | Kathmandu |
| 10 | Concern Nepal | Kathmandu |
| 11 | Hatemalo Sanchar | Lalitpur |
| 12 | CWISH | Kathmandu |
| 13 | ECCA | Lalitpur |
| 14 | Swan Nepal | Kathmandu |
| 15 | Child Development Society ( CDS) | Kathmandu |
| 16 | Youth Club of Narayanghat | Chitwan |
| 17 | CADWC | Sindhuli |
| 18 | Relief Nepal | Sindhuli |
| 19 | Child Welfare Society (CWS) | Makwanpur |

| | | |
|---|---|---|
| 20 | HUREC | Kavre |
| 21 | Cooperation Society Nepal | Nuwakot |
| 22 | YAV Nepal | Bhaktapur |
| 23 | CSN (Sarokar Samaj Nepal) | Kavre |
| 24 | Yuwalaya | Lalitpur |
| 25 | Opportiunity Village Nepal | Kathmandu |
| 26 | Creative Society Nepal | Kavre |
| 27 | Community Development Society (CDS) | Ramechhap |
| 28 | Legal Literacy Nepal | Kathmandu |
| 29 | Social Work Institute | Lalitpur |

**Gandaki Province**

| S.N | Name of Organisation | District |
|---|---|---|
| 1 | Woman Self Help Center | Lamjung |
| 2 | Children Nepal | Kaski |
| 3 | JCYCN | Nawalpur |
| 4 | Social Walfare Resource Development(SOR-DEC Nepal) | Kushma, Parbat |
| 5 | Shree Swantra Integrated Community Development Center (SSICID) | Gorkha |
| 6 | Rural Community Development Center | Lamjung |
| 7 | Multidisciplinary Institute for Livelihood Enhancement (MILAN) | Myagdi |
| 8 | Kopila Nepal | Pokhara |
| 9 | GONESHA Nepal | Pokhara |
| 10 | Child Walfare Scheme Nepal(CWSN) | Pokhara |
| 11 | Nepal Gaja Development Foundation | Baglung |

**Lumbini Province**

| S.N | Name of Organisation | District |
|---|---|---|
| 1 | BES Nepal | Palpa |
| 2 | AFHA | Banke |
| 3 | Swan | Dang |
| 4 | Social Rise Help Center | Palpa |
| 5 | Indreni Samajik Bikas Manch | Nawalparasi |
| 6 | Indreni Samaj Kendra ( ISK) | Papla |
| 7 | Human Right Awareness Centre (HURAC) | Rolpa |
| 8 | Lumbini Samajik Bikash kendra | Argakhachi |
| 9 | Kalika Development Centre | Puythan |
| 10 | Intregrated rural development society (IRDS) | Gulmi |
| 11 | Kalika Swablamban Samajik Kendra | Kapilbastu |
| 12 | Hured Nepal | Rukum |
| 13 | Jana Jagaran Mahila Sangh | Bardia |
| 14 | SAC Banke | Banke |
| 15 | Siddhartha Samajik Bikash Kendra | Kapilbastu |
| 16 | Namuna Akrikit Bikash | Rupandehi |
| 17 | Kamaiya Maila Jagaran Samaj | Bardia |
| 18 | Digo Bikash Nimti Ekata | Rupandehi |

**Karnali Province**

| S.N | Name of Organisation | District |
|---|---|---|
| 1 | Everest Club | Dailekh |
| 2 | SAC Nepal | Surkhet |
| 3 | Pace Nepal | Jumla |
| 4 | KIRDARC | Kalikot |
| 5 | HRDC | Jajarkot |

**Sudur Paschim Province**

| S.N | Name of Organisation | District |
|---|---|---|
| 1 | BASE | Kailali |
| 2 | Award Nepal | Bajang |
| 3 | NNSWA | Kanchanpur |
| 4 | Peacewin | Bajura |
| 5 | Samaj Sewa | Doti |
| 6 | DEEP-Dignity Equality economic Prosperity | Dadeldhura |
| 7 | FAYA Nepal | Kailali |
| 8 | Rural Development Center Nepal | Aacham |
| 9 | DSDF Nepal | Baitadi |

